# रावा बेसी गाउँपालिका
## Rawabesi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
स्था-२०७३
Estd-2073

Website : rawabesimun.gov.np
E-mail :
rawabesigaupalika@gmail.com
ito.rawabeshirurmun@gmail.com
info@rawabesimun.gov.np
१ नं. प्रदेश नेपाल
1 No. Province Nepal

पत्र सङ्ख्या(Letter No.):०७७।०७८
चलानी नं.(Ref No.): १४२१

मितिः २०७८।०२।०३ गते

श्री सरोकारवाला सबै,
रावा बेसी गाउँपालिका
हरमटार खोटाङ ।

**बिषयः जानकारी सम्बन्धमा ।**

प्रस्तुत विषयमा मितिः २०७८।०२।०३ गते को यस कार्यालयको निर्णयानुसार मितिः २०७८।०२।०४ गते सोमबारका दिन देखि लागु हुने गरि मितिः २०७८।०२।१० गते ७ (सात) दिन सम्मका लागि यस रावा बेसी गाउँपालिकामा पूर्ण रुपमा पालिका प्रवेश नाका शिल गरिएको साथै पालिका क्षेत्र भित्र हुने तपसिल बमोजिमको गतिविधिहरु बन्द गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

तपसिल

१ स्वास्थ्यको आकस्मिक सेवा बाहेक सम्पूर्ण कार्य बन्द गर्ने ।
२ गाउँपालिका र वडा कार्यालयको अति जरुरी र आकस्मिक कार्य वाहेक सम्पूर्ण कार्यहरु वन्द गर्ने ।
३ निर्माण सामाग्रि खाद्यान्न,इन्धन,स्वास्थ्य सामाग्री जस्ता सामाग्री ढुवानी वाहेक सम्पूर्ण गाडीहरुको लागि आवत जावत पूर्णरुपमा बन्द गर्ने ।
४ कार्यलयको काम गर्न कर्मचारीहरुको लागि हिड्डुल गर्न परामर्श लिई आवत जावत गर्ने ।
५ खाद्यान्न र इन्धन पसल बिहान ८ बजे देखि १० वजे र वेलुका ४ वजे देखि ६ वजे सम्मको लागि मात्र खुला गर्न दिईने ।
६ विद्यालयहरु मिति २०७८ जेष्ठ ०४ गते देखि जेष्ठ १० गते सम्मका लागि पूर्ण रुपमा बन्द गर्ने ।
७ कुनै पनि चोक चौतारामा भेला जम्मा भई कुनै पनि कार्य नगर्ने नगराउने ।
८ बाहीरबाट आउने व्यक्तिहरुले ७२ घण्टा भित्रको PCR रिपोट पेश गर्ने ।
९ नियमित रुपमा संचालन भई रहेका योजनाहरु निर्माण कार्यका लागि भौतिक दुरी तथा स्वास्थ्य मापदण्ड पुरा गरी संचालन गरिने छ ।
१० माथि उल्लेखित निर्णय हाललाई मिति २०७८ जेष्ठ ०४ गते देखि मिति २०७८ जेष्ठ १० गते सम्मका लागि रहने छ ।
११ जनप्रतिनिधि कर्मचारी शिक्षक स्वयम सेवक सवैलाई जनचेतना मूलक क्रियाकलाप संचालनका लागि परिचालन हुने तथा सुरक्षाकर्मी र स्वास्थ्यकर्मीहरु कोरोना भाईरस रोकथाम तथा नियन्त्रणका लागि तयारी आवस्थामा रहने ।
१२ राती गाडी हिडेमा र रोकथामका लागि सुरक्षा कर्मीलाई अनुरोध गर्ने ।
१३ पालिका क्षेत्र हुने सामाजिक कार्य जस्तै विवाह,देवाली,पुराण,ब्रतवन्ध आदि र साकेला पर्व मनाउदा सके सम्म कम उपस्थित भई उच्च सतर्कता अपनाउनु पर्नेछ ।
१४ कोभिड अस्पताल,करेन्टाईन तथा आईसुलेशनमा संभावित संक्रमितलाई सुरक्षा प्रदान गर्ने जिम्मेवारी नजिकको सुरक्षा चौकीले गर्ने ।

०७८/०२/०३
.................................
रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत
रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

.................................
लिलानाथ निरौला
अध्यक्ष
लिलानाथ निरौला
अध्यक्ष

बोधार्थ्
श्री वडा कार्यालय सबै
श्री विषयगत शाखा सबै